# मार्टिन चौतारीको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७०/७१

(२०७० साउन १-२०७१ असार ३२/

१६ जुलाई २०१३-१६ जुलाई २०१४)

दोस्रो मस्यौदा, २०७१ भदौ ५

# विषय सूची

पृष्ठभूमि

१. चौतारी छलफल शृंखला

२. पुस्तक/जर्नल प्रकाशन

३. पुस्तकालय सञ्चालन र व्यवस्थापन

४. मिडिया अनुसन्धान शाखा

५. लोकतन्त्र र शासनपद्धति शाखा

६.जनजीविका अनुसन्धान शाखा

- ६.१ शिक्षा
- ६.२ स्वास्थ्य
- ६.३ जलवायु परिवर्तन
- ६.४ सहरी फोहर व्यवस्थापन

७. प्रशासन तथा वित्तीय शाखा

८. अनुगमन तथा मूल्यांकन

९.मार्टिन चौतारीका क्रियाकलापको सार्वजनिक चर्चा र प्रभाव

१०. कार्य समिति

अनुसूचीहरू

## पृष्ठभूमि

मार्टिन चौतारीले सार्वजानिक बहसको संस्कृतिलाई विकास गर्ने उद्देश्यले दुई दशकदेखि विभिन्न विषयमा अनौपचारिक शैलीमा छलफल चलाउँदै आएको छ । बहस-छलफलका अतिरिक्त अनुसन्धान, पुस्तक/जर्नल प्रकाशन, पुस्तकालय सञ्चालन, मेन्टरिङलगायतका कार्यक्रमहरू पनि चौतारीले सञ्चालन गर्दैआइरहेको छ । चौतारीले आर्थिक वर्ष (आ.व.) २०६६/६७ देखि पाँच वर्षे रणनीतिक योजना लागू गरी काम गर्दैआएको थियो । २०७० को मध्यतिर उक्त रणनीतिक योजनाको म्याद सकिएकाले २०७१ असार मसान्तसम्मका लागि मार्टिन चौतारीको कार्यसमितिले त्यसको म्याद बढाएको थियो । देशको वर्तमान परिस्थितिलाई ध्यान दिएर पाँचौं वर्षका कार्यक्रमहरू निर्धारण गरिएका थिए । पाँचौं वर्षको प्रतिबद्धताअनुसार २०७०/७१ का लागि वार्षिक कार्ययोजना र बजेट निर्धारण गरिएको थियो । यस प्रतिवेदनमा आ.व. २०७०/७१ (२०७० साउन १ देखि २०७१ असार ३२ अर्थात् १६ जुलाई २०१३ देखि १६ जुलाई २०१४ सम्म) मा चौतारीले सम्पन्न गरेका कामहरूको विवरण दिइएको छ ।

## १. चौतारी छलफल शृंखला

मार्टिन चौतारीमा सातामा दुई दिन (आइतबार र मंगलबार) विभिन्न विषयमा छलफल हुन्छ । यस आ.व. २०७०/७१ मा मार्टिन चौतारीमा नियमितअन्तर्गत ९२ ओटा छलफल र ७ अतिरिक्त छलफल गरी जम्मा ९९ ओटा छलफल सम्पन्न भए (हेर्नुहोस् अनुसूची १) । आइतबार हुने छलफल अनुसन्धानमा आधारित हुन्छन् भने, मंगलबार विभिन्न समसामयिक विषयमा र मिडियासम्बन्धी छलफल गरिन्छ ।

यस आ.व.मा सार्वजनिक विदा, उपत्यका बन्द र चौतारीमा आयोजना भएका विशेष सेमिनार तथा कार्यक्रमहरूका कारण ९ ओटा नियमित छलफल हुन सकेनन् । जम्मा १३२ जना मुख्य वक्ताको रूपमा सहभागी भए । जम्मा वक्तामध्ये ९५ जना (७२ प्रतिशत) पुरुष र ३७ जना (२८ प्रतिशत) महिला थिए । चौतारीमा हुने नियमित छलफललाई लैंगिक र विषयगत रूपमा सन्तुलित बनाउने प्रयासस्वरूप अघिल्ला वर्षझैं फागुन/चैत (मार्च २०१४) महिना चौतारीका नियमित छलफलमा वक्ताका रूपमा बोल्न आउने सबै महिला नै हुनुपर्ने नियम यस आ.व.मा पनि लागू गरिएको छ । यस वर्ष मार्च महिनाभरको छलफल महिलाका विषयमा काम गर्ने एउटा संस्था 'चौखट' सँगको सहकार्यमा सम्पन्न गरिएको थियो । सो सहकार्यलाई निरन्तरता दिँदै हरेक अंग्रजी महिनाको अन्तिम मंगलबारको छलफल पनि सोही संस्थासँगको संयुक्त आयोजनामा हुने गरेको छ ।

### *१.१.आइतबारे छलफल*

आ.व. २०७०/७१ मा जम्मा ४६ ओटा आइतबारे छलफल सम्पन्न भए । ५ ओटा आइतबारे छलफल सार्वजानिक विदा र चौतारीमा आयोजित विशेष कार्यक्रमका कारण हुन सकेनन् । आइतबारे छलफल अनुसन्धानमा आधारित हुनुपर्ने नियम राखिएको छ र यसो गर्दा अनुसन्धातालाई अनुसन्धान गर्न फाइदा पुग्नुका साथै नेपालमा सामाजिक अनुसन्धानमाथि हुने बहसको संस्कृति अभिवृद्धि गर्ने लक्ष्य रहेको छ । यसै शृंखलाअन्तर्गत अघिल्लो आर्थिक वर्ष जस्तै यस वर्ष पनि मार्टिन चौतारी, साउथ एसिया इन्स्टिच्युट अफ एडभान्स स्टडीज र नेपाल पोलिसी रिसर्च नेटवर्कको संयुक्त आयोजनामा हुने गरेको 'नीति छलफल शृंखला' ले निरन्तरता पायो ।

### *१.२. मंगलबारे छलफल*

आ.व. २०७०/७१ मा जम्मा ४६ ओटा नियमित मंगलबारे छलफल भए । बन्द, सार्वजनिक विदा र चौतारीमा आयोजित विशेष कार्यक्रमका कारण ५ ओटा मंगलबारे छलफल हुन सकेनन् । समसामयिक विषय जस्तै, राजनीति, समाजविज्ञान, पुस्तक, साहित्य, कला संस्कृति, वातावरण, परम्परागत ज्ञान आदिबारे यस शृंखलामा बहस भए । यसै शृंखलाअन्तर्गत यस आर्थिक वर्ष पनि मेन्टल हेल्थ फाउन्डेसनको सहकार्यमा सुरु भएको मानसिक स्वाथ्य छलफल शृंखला निरन्तर रूपमा सञ्चालन गरियो ।

### *१.३. अतिरिक्त छलफल*

महिनाको अन्तिम मङ्गलबार मार्टिन चौतारीसँग मिलेर लसना कला समूहले सञ्चालन गर्ने गरेको कला छलफल यस आर्थिक वर्षमा महिनाको अन्तिम बिहीवार गर्न थालियो । चौतारीमा हुने नियमित छलफलबाहेक यस आ.व.मा कला

तथा अतिरिक्त छलफल गरी अरू ७ ओटा छलफल पनि सम्पन्न भए । यसै आर्थिक वर्षको जुन महिनाबाट सेन्टर फर रिसर्च इन सोसियल डिफेन्स् टेक्नोलोजी, नेपाल इन्जिनियरिङ कलेज (सिआरएसडिटि/नेक) सँग को सहकार्यमा युनिभर्सल कनेक्टिभिटी मासिक छलफल शृंखला सुरु गरिएको छ ।

### *१.४. छलफलमा सहभागी*

यस आ.व.मा २,५६८ जनाले चौतारीका नियमित छलफलमा भाग लिए । यो चौतारीमा नियमित छलफलमा भाग लिन आउने सहभागीहरूले उपस्थिति रजिस्टरमा दर्ता गराएको आधारमा गणना गरिएको संख्या हो । छलफलका सहभागी सबैले रजिस्टरमा नाम नलेख्ने भएकाले वास्तविक सहभागी अझ बढी थिए भन्न सकिन्छ । छलफलमा भाग लिने सहभागीहरूको लैंगिक विविधता हेर्ने हो भने पुरुषको संख्या १,९६६ जना (७६.५ प्रतिशत), महिलाको संख्या ४९४ जना (१९.२५ प्रतिशत) र नामबाट लैंगिकता छुट्टयाउन नसकिएका १०८ (४.२५ प्रतिशत) जना रहेका छन् ।

### *१.५. सेमिनार, कार्यशाला र छलफल*

चौतारीले यस आर्थिक वर्ष सेमिनार, कार्यशाला र अन्य छलफलसमेत गरी १२ ओटा विशेष कार्यक्रम आयोजना गरेको थियो । यीमध्ये ४ ओटा कार्यक्रम काठमाडौँबाहिर सम्पन्न भएका थिए । त्यस्तै, विशेष कार्यक्रममध्ये ४ ओटा कार्यक्रम अन्य संस्था र विश्वविद्यालयहरूको सहकार्यमा आयोजना गरिएको थियो भने बाँकी ८ ओटा मार्टिन चौतारी आफैँले आयोजना गरेको थियो (हेर्नुहोस अनुसूची २) ।

## २. पुस्तक/जर्नल प्रकाशन

यस आ.व.मा निम्न ८ ओटा पुस्तक, २ ओटा जर्नल र एउटा नीतिपत्र प्रकाशन गरिए :

१. *नेपाली म्यागेजिनका २५ वर्ष (वि.सं. २०४६-२०७०),* अर्जुन पन्थी, प्रत्यूष वन्त र हर्षमान महर्जन, सं. (सन् २०१३, चौतारी पुस्तक शृंखला ७७) ।
२. *Ruptures and Repairs in South Asia: Historical Perspectives*, Yogesh Raj, ed. (2013, Chautari Book Series 78).
३. *The State of Sociology and Anthropology: Teaching and Research in Nepal*, Madhusudan Subedi and Devendra Uprety (2014, Chautari Book Series 79).
४. *The State of Geography Teaching and Research in Nepal: A Review and Reflection*, Bhim Prasad Subedi (2014, Chautari Book Series 80)
५. *The State of History Education and Research in Nepal*, Yogesh Raj and Pratyoush Onta (2014, Chautari Book Series 81)
६. *Under the Shadow of the Red Flag: Travels during Nepal's Armed Conflict*, Jagannath Adhikari (2014, Chautari Book Series 82)
७. *Strategic Plan for the Proposed Social Science Research Council in Nepal (executive summary) प्रस्तावित समाज विज्ञान अनुसन्धान परिषद् नेपालको रणनीतिक योजना (सार संक्षेप), २०१४*
८. *Strategic Plan for the Proposed Social Science Research Council in Nepal*
*प्रस्तावित समाज विज्ञान अनुसन्धान परिषद् नेपालको रणनीतिक योजना (सन् २०१४)*
९. *स्टडिज इन नेपाली हिस्ट्री एन्ड सोसाइटी,* वर्ष १८ अंक १ (जुन २०१३)
१०. *मिडिया अध्ययन ९*, देवराज हुमागाईं, प्रत्यूष वन्त, शेखर पराजुली, हर्षमान महर्जन र अर्जुन पन्थी, सं. (सन् २०१४, चौतारी पुस्तक शृंखला ८३)
११. *नीतिपत्र १० : संविधानसभाको दोस्रो निर्वाचन (२०७०)*।

माथि उल्लिखितमध्ये १ नम्बरमा रहेको पुस्तक गत आर्थिक वर्षमा प्रकाशन गर्ने लक्ष्य लिइए पनि केही लेखको मस्यौदा तयार, सम्पादन, डिजाइन र छपाइको काम बाँकी रहेकाले यो वर्षमात्र प्रकाशन हुन सक्यो । माथि उल्लिखित ७ र ८ नम्बरमा राखिएका प्रकाशनहरू चौतारी पुस्तक शृंखलाअन्तर्गत नरहे पनि यसको अनुवाद, सम्पादन

तथा लेआउट डिजाइनको काम मार्टिन चौतारीले गरेको हो । यसका लागि सामाजिक समावेशीकरण अनुसन्धान कोष (सर्फ) सँग चौतारीले आर्थिक सहयोगसम्बन्धी सम्झौता गरेको थियो । यी दुवै पुस्तकको प्रकाशक नेपाल सरकार, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय हो ।

*मिडिया अध्ययन* जर्नल यसै वर्ष (अंक ९) देखि नै भृकुटी एकेडेमिक पब्लिकेसन्स्सँगको सहकार्यमा प्रकाशन हुँदैछ । जर्नल उत्पादनको सम्पूर्ण जिम्मेवारी भने विगतमा झैँ मार्टिन चौतारीले नै लिएको छ । यसअन्तर्गत प्रेसमा पठाउनका लागि तयारी चरणसम्मकै काम चौतारीले गर्नेछ । प्रकाशक भृकुटीले छपाइ लागत बेहोरी जर्नल बिक्री वितरण गर्नेछ । जर्नल प्रकाशनबापत पर्नजाने आर्थिक भार दुई संस्थाबीच बाँडफाँड गरी यसलाई दीर्घजीवी बनाउने उद्देश्यले यो सहकार्य गरिएको हो । यसै गरी, *स्टडिज इन नेपाली हिस्ट्री एन्ड सोसाइटी*को वर्ष १८ अंक १ (जुन २०१३) अंक छपाइका लागि प्रेसमा छ । यो जर्नलको सम्पादकीयसम्बन्धी सम्पूर्ण जिम्मा चौतारीले र प्रकाशनको काम मण्डला बुक प्वाइन्टले पहिल्यैदेखि गर्दैआएको छ ।

निम्नलिखित पुस्तक, जर्नल तथा नीतिपत्रहरू भने यस वर्ष प्रकाशन गर्ने लक्ष्य राखिए पनि समयाभावका कारण आउँदो आ.व.का लागि स्थगित हुन पुगेका छन् :

१. सन् २०१० र ११ मा प्रदान गरिएको उच्चशिक्षामा समावेशीकरणसम्बन्धी वृत्ति (फेलोसिप) मा संलग्न व्यक्तिहरूले तयार पारेका लेखहरूको सम्पादित पुस्तक । यो पुस्तकका विभिन्न लेखहरूको सम्पादन सुरु भए पनि सम्पादकको समयाभावका कारण रोकिइरहेको छ ।

२. *सिन्हास* जर्नल १८(२) यसका लेखहरू विभिन्न चरणमा रहेका छन् ।

३. शैक्षिक संस्थाबाहिर ज्ञान उत्पादनको अवस्था (Knowledge production beyond Academia) । यो पुस्तकका अध्यायहरू सम्पादन तथा लेखकहरूद्वारा परिमार्जनको प्रक्रियामा छन् ।

४. अड हफ्टनको जीवनी । यो पुस्तकको पाण्डुलिपि प्राप्त भएर, त्यसको समीक्षाको काम सकिएको छ भने सम्पादनको काम बाँकी छ । छपाइका लागि आर्थिक सहयोग जुटाउने प्रयास पनि भइरहेको छ ।

५. नेपालमा उच्च शिक्षा । यो पुस्तकका लागि अनुसन्धान कार्य सुरु भएको छ ।

६. *नीतिपत्र ११ : दोस्रो संविधानसभापछिको अवस्था* । यो नीतिपत्र लेखनको काम जारी रहेकाले आगामी आर्थिक वर्षको पहिलो त्रैमासिकमा प्रकाशन हुनेछ ।

चौतारीले अनुसन्धान गरेका र तयार पारेका कतिपय सामग्री मुद्रित रूपमा प्रकाशन नगरी वेबसाइटमा मात्र पनि प्रकाशन गर्ने गरिएको छ । यही आ.व.मा त्यसरी चौतारीको वेबसाइटमा राखिएका प्रतिवेदन तथा सन्दर्भसूचीहरू निम्नानुसार रहेका छन् :

***प्रतिवेदन तर्फ***

काठमाडौँ उपत्यकामा कबाड व्यापारको सञ्जाल : अनुसन्धान प्रतिवेदन", तीर्थ विष्ट र योगेश राज (सन् २०१३, http://martinchautari.org.np/files/KabaadReport2013.pdf)

***सन्दर्भ सामग्रीतर्फ***

Aryal, Dipak. 2014. Bibliography of Works by/on BP Koirala and His Writings. [version 1; 22 June]. http://martinchautari.org.np/files/BibliographyOfWorksByOnBPKoiralaAndHisWritings.pdf

Budhathoki, Shak Bahadur. 2013. Bibliography on Constituent Assembly. [version 1; 7 August]. http://martinchautari.org.np/files/Bibliography-on-ConstituentAssembly-ShakBB.pdf

Sharkey, Gregory. 2009. Bibliography of Fr. John K. Locke's Writings. Extracted from the former's article 'Scholar of the Newars: The Life and Work of John K. Locke.' *Studies in*

*Nepali History and Society* 14(2): 423-440.http://martinchautari.org.np/files/Bibliography-of-John-K_-Lockes-Writings.pdf
Maharjan, Mahesh Raj and Yogesh Raj. 2013. Bibliographical Works related to Tirthalal Na:gha:bha:ni. [version 1; 18 August]. http://martinchautari.org.np/files/Three-Bibliographies-on-Tirthalal-Naghabhani.pdf
Chand, Obindra B. 2013. A Bibliography of Dalit related Studies in Nepal. [version 1; 9 December].http://martinchautari.org.np/files/A_Bibliography_of_Dalit_related_Studies_in_Nepal-By-Obindra_Chand.pdf
Maharjan, Harsha Man. 2013. Nepalma Patrakarita tatha Aamsanchar Shiksha: Sandarbha Suchi. [Bibliography of Writings on Journalism and Mass Communication/Media Education in Nepal]. [version 1; 27 December]. http://martinchautari.org.np/files/Biblio_Journalism-and-Mass-Communication-Media-Education-in-Nepal_By-HarshamanMaharjan.pdf
Maharjan, Harsha Man, Ramita Maharjan, Arjun Panthi and Shailesh Pandey. 2014. Writings on the Internet in Nepal: A Bibliography. [version 1; 11 June]. http://martinchautari.org.np/files/Writings_on_the_Internet_in_Nepal_A_Bibliography.pdf

## ३. मार्टिन चौतारी पुस्तकालय

मार्टिन चौतारी पुस्तकालयमा २०७१ असारसम्ममा जम्मा २० हजार १९७ ओटा पुस्तक, थेसिस, अप्रकाशित प्रतिवेदन आदि सामग्रीहरू संकलित छन् । हाम्रो संकलनमा पुस्तकबाहेक कार्यपत्र, अनुसन्धानमूलक लेख, शोधपत्र, अप्रकाशित प्रतिवेदन, जर्नल, पत्रपत्रिका, न्यूजक्लिपिङ्स, म्यागेजिन पनि छन् । २०७१ असार अन्त्यसम्म यस केन्द्रमा मिडियासम्बन्धी करिब ५५१७ सामग्रीको संग्रह छ । मिडियासम्बन्धी प्रतिवेदनहरू २५८ ओटा, नेपाली मिडियाबारेका कार्यपत्रहरू २८५ ओटा, मिडियासम्बन्धी अनुसन्धानमूलक फुटकर लेखहरू १,३९७ ओटा र मिडियाबारेका शोधपत्रहरू १८६ ओटा संकलनमा छन् । बाँकी ३३९१ मिडियासम्बन्धी पुस्तकहरू रहेका छन् । यीबाहेक शिक्षा, समाजशास्त्र, राजनीतिशास्त्र, लैंगिकता, वातावरण, इतिहास, धर्म, स्वास्थ्य, अर्थशास्त्र, साहित्य आदि विषयका पुस्तकहरू रहेका छन् ।

### *३.१ पुस्तकालयमा थपिएका पुस्तक/जर्नल/लेखहरू*

पुस्तकालयमा २०७० साउन १ देखि २०७१ असार मसान्तसम्ममा जम्मा ७७० ओटा पुस्तकहरू थपिएका छन् । यीमध्ये ४९४ ओटा किनिएका र बाँकी २७६ ओटा पुस्तकहरू उपहारस्वरूप चौतारी पुस्तकालयलाई प्राप्त भएका हुन् । पुस्तकहरू संकलन गर्न सजिलो होस् भनेर काठमाडौं उपत्यकाको मुख्य-मुख्य पुस्तक पसलहरूको सूची बनाइएको छ र इमेल तथा टेलिफोनमार्फत सम्पर्क गरी पुस्तकहरू ल्याउने व्यवस्था गरिएको छ । काठमाडौंका केही पुस्तक पसलसँग नयाँ पुस्तकको सूची मासिक रूपमा माग्ने र त्यसमध्ये आवश्यक छनोट गरी खरिद गर्ने गरिएको छ । नयाँ पुस्तकका साथै नेपालसँग सम्बन्धित पुराना पुस्तकहरू पनि संकलन गर्ने कार्य भइरहेको छ । बेलाबेलामा सामग्रीहरू उपहारस्वरूप चौतारीलाई प्राप्त हुने गरेका छन् । साथै नेपाल बाहिरबाट प्रकाशित भएका पुस्तकहरू पनि चौतारीका शुभेच्छुकहरूलाई विशेष आग्रह गरेर ल्याउने गरिएको छ ।

मार्टिन चौतारी पुस्तकालयमा यो वर्ष पनि नेपालबाट प्रकाशित जर्नल/अनुसन्धानात्मक पत्रिका संकलन गर्ने कार्य भइरहेको छ । यस पुस्तकालयमा नेपालबाट प्रकाशित २२७ सहित देश विदेशका गरी ३५९ शीर्षकका जर्नलहरू संकलित छन् । यसमा त्रिभुवन विश्वविद्यालयका केन्द्रीय विभागहरू, नेपालको पूर्वदेखि पश्चिमसम्मका आङ्गिक क्याम्पसहरू, विद्यार्थी समूहहरू, व्यक्ति, निजी तथा सरकारी कार्यालय, अनुसन्धान केन्द्रहरू आदिले प्रकाशन गर्ने जर्नलहरू रहेका छन् । संकलित जर्नलहरू समाजशास्त्र मानवशास्त्र, इतिहास, विकास, भाषा, संस्कृति आदि विविध विषयका छन् । जर्नलहरू अङ्ग्रेजी, नेपाली, नेपालभाषा लगायत नेपालका अन्य राष्ट्रभाषा एवं द्वैभाषिक र बहुभाषिक समेत छन् ।

वाणिज्यशास्त्र, विज्ञान प्रविधि तथा चिकित्साशास्त्रका जर्नलहरू भने संकलनमा परेका छैनन् । काठमाडौँबाट प्रकाशित हुने जर्नलहरू रमेश राई, शकबहादुर बुढाथोकी र रमिता महर्जनले क्षेत्र बाँडेर संकलन गर्ने गर्नुभएको छ । काठमाडौँ बाहिरबाट प्रकाशित हुने जर्नलहरू चाहिँ बाहिर गएको बेलामा चौतारीका अन्य साथीहरूले संकलन गर्दै आउनुभएको छ । व्यक्तिगत चिनजानका आधारमा पनि जर्नलहरू यस पुस्तकालयमा आउँछन् ।

पुस्तक, जर्नलबाहेक मिडियासम्बन्धी अनुसन्धानमूलक लेखहरूको संकलन गर्ने कार्य पनि भइरहेको छ । यी लेखहरू विभिन्न पुस्तक, जर्नल तथा म्यागेजिनबाट संकलन गरिएका हुन् । यसका साथै नेपालमा भइरहेका विभिन्न सेमिनारहरूमा प्रस्तुत गरिएका कार्यपत्रहरू पनि संकलन भइरहेको छ ।

२०७० पुसदेखि चौतारी पुस्तकालय आफैँले उच्च शिक्षाको प्रेस क्लिपिङ्स बनाउन थालेको छ । साथै चौतारीले आवश्यक ठानेका अन्य विषयहरूको पनि लेख तथा प्रकाशन संकलन र व्यवस्थापन गर्दैआएको छ ।

### *३.२ पत्रपत्रिका/अनलाइन जर्नल*

पुस्तकालयमा राजधानीबाट प्रकाशित हुने प्रायः सबैजसो दैनिक र साप्ताहिक पत्रपत्रिकाहरू उपलब्ध छन् । नेपाली दैनिक पत्रपत्रिकाहरूमा १८ शीर्षकका सङ्ग्रहित छन्, जसमध्ये १४ शीर्षकका नियमित छन् र बाँकी बन्द भइसकेका वा अनियमित रूपले निस्किरहेका छन् । अङ्ग्रेजीमा सात शीर्षकका दैनिक पत्रिकाहरू सङ्ग्रहित छन्, जसमध्ये चार शीर्षकका नियमित छन् भने तीनओटा बन्द भइसकेका वा अनियमित रूपले निस्किरहेका छन् । साप्ताहिकतर्फ २८ शीर्षकमा पत्रपत्रिकाहरू संकलित छन् । नेपाल तथा विदेशबाट निस्केका करिब डेढ दर्जन म्यागेजिनहरू पनि यस पुस्तकालयमा उपलब्ध छन् ।

अध्ययन अनुसन्धानका लागि अनलाइन जर्नलहरू निकै उपयोगी मानिन्छन् । अनलाइन जर्नलहरू उपलब्ध गराउनेमध्ये नेपालमा सन् २००९ देखि सञ्चालनमा आएको संस्था {Nepal Library and Information Consortium (NeLIC)} प्रमुख हो । यसैमार्फत् चौतारी पुस्तकालयले अनलाइन जर्नलहरू सब्सक्राइब गर्दै आएको छ । मार्टिन चौतारी सन् २००९ मा NeLIC को सञ्चालक समितिको सदस्य भएको थियो । NeLIC को सदस्य भएबापत मार्टिन चौतारीले विभिन्न e-resources सदश्यहरू बीचमा दामासयीले रकम तिर्ने व्यवस्थाअनुरूप रकम तिरेर प्राप्त गर्दैआएको छ । यस पुस्तकालयमा उपलब्ध भएका e-resources प्रायः सबै NeLIC को सदस्यतामार्फत् उपलब्ध भएका हुन् । उपलब्ध अनलाइन जर्नलहरूमध्ये Project MUSE, JSTOR सःशुल्क Subscribe गरिएको छ । यस बर्ष पनि NeLIC को सदश्यता रिन्यू गरेर चौतारीले e-resources हरूको उपलब्धता चौतारी पुस्तकालयमा जारी राखेको छ । NeLIC मार्फत चौतारीमा e-resources को उपलब्धता सन् २०१४ को अन्त्यसम्म हुनेछ ।

### *३.३ Online catalogue मा सुधार*

पुस्तकालयमा भएका सामग्रीलाई कम्प्युटर डेटाबेसमा राखिएको छ । पाठकले आफूले चाहेको सामग्रीहरू कम्प्युटरमार्फत खोजेर उपयोग गर्न सक्छन् । साथै अनलाइन क्याटलगमार्फत पनि चौतारीमा उपलब्ध सामग्रीहरूका बारेमा जानकारी लिन सकिन्छ । चौतारी पुस्तकालयको अनलाइन क्याटलगको सफ्टवेयर परिवर्तन गरेका कारणले नयाँ सफ्टवेयरअनुसार सर्च गर्दा एउटा खण्डमा आउनुपर्ने सूचनामा no item available भन्ने सन्देश आउने गर्दथ्यो । नयाँ क्याटलगमा त्यसका लागि आवश्यक जानकारी थपेर त्यस्तो सन्देश नआउने बनाउन यस वर्ष प्रशस्त काम गरियो त्यस क्रममा आधाभन्दा बढी डाटा सुधार भैसकेको छ । करिव १७ हजार ५ सय डाटा मध्ये ९ हजार बढी डाटाले सही सन्देश दिनथालेका छन् । आगामी बर्षका केही महिनामा पूरा काम गरेर सम्पूर्ण डाटामा एकरूपता ल्याउन प्रयास गरिनेछ ।

चौतारी पुस्तकालयमा उपलब्ध पत्रपत्रिका तथा म्यागेजिनको परिमार्जित सूची गरी १० जुलाई २०१४ मा वेभसाइटमा अपलोड गरियो । चौतारी पुस्तकालय तथा मिडिया सेन्टरको पुस्तकालय जानकारी तथा सूचनाहरू समय

समयमा परिमार्जन गरी सूचना पाटीमा टाँस्ने गरिएको छ । क्याटलगमा इन्ट्री भएका डाटाहरूको व्याकअप पेनड्राइभ तथा पुस्तकालयको एक कम्प्यूटरमा राखिएको छ ।

### *३.४ इन्टर्न/अल्पकालीन कर्मचारी*

बिगत बर्षमा पुस्तकालयमा कसैले पनि इन्टर्नका रूपमा काम गरेनन् । शकबहादुर बुढाथोकीले साताका ३ दिन अध्ययन कक्ष हेर्ने र सामग्री संकलनका लागि प्रत्यक्ष सहयोग गर्दैआउनुभएको छ । यसबाहेक बुद्ध श्रेष्ठले साताका दुई दिन आधासमय काम गर्दै आउनुभएको छ भने अन्य समयमा चौतारी पुस्तकालयमा कार्यरत साथीहरूले नै अध्ययन कक्षको रेखदेख गर्नुभयो ।

### *३.५ स्टक भेरिफिकेसन*

मार्टिन चौतारी पुस्तकालयमा स्टक भेरिफिकेसन २०७० मंसिर १६ र १७ गते (December 1 & 2, 2013 ) का दिन गरियो । यस अवधिमा पुस्तकालयका सबै सेवा बन्द गरिएका थिए । पुस्तकालयका सबै ३४ ओटा दराजको स्टक भेरिफिकेसन गरियो जसमा ३० ओटा पुस्तक, रिपोर्ट इत्यादि राखिएका दराज थिए भने जर्नल राखिएका ४ ओटा दराजको पनि भेरिफिकेसन गरियो । भेरिफिकेशन गर्दा Random sample survey विधि प्रयोग गरिएको थियो । सबै पुस्तक एक-एक गरेर हेर्न समय र जनशक्तिका कारण सम्भव नहुने भएपछि बढीमा प्रत्येक ५ ओटा पुस्तकलाई एकै पटक निकालेर हेरियो र यसो गर्दा कुनै पुस्तक शंकास्पद देखिएमा त्यसलाई निकालेर थप काम गरियो । सानो आकारका बढीमा ५ ओटा र ठूलो आकारका प्रत्येक पुस्तकलाई निकालेर पुस्तक तथा पुस्तक राखिएको दराज अनुगमन गरियो । विगतमा धमिराले आक्रमण गरेका स्थानलाई बढी समय दिएर अनुगमन गरियो र अवस्था ठीक रहेको पाइएको छ । भेरिफिकेसनबाट जम्मा ८५ ओटा पुस्तक/जर्नल निकालियो । तीमध्ये ७ ओटा कल नम्बर मिलाउने, ३ ओटा बाइण्डिङ्मा पठाउने, एकै शीर्षक तर कल नम्बर फरक-फरक परेका पुस्तक जम्मा ३४ ओटा फेला परे । ४ ओटा पब्लिशर्स क्याटलग दर्ता पुस्तिका र अनलाइन क्याटलगबाट हटाइयो । ३७ ओटा दुईभन्दा बढी प्रति रहेका पुस्तक पनि दराजबाट निकालियो । २०६८ सालमा गरिएको उपचारपश्चात् पुस्तकालयमा धमिरा देखिएको छैन ।

### *३.६ बाइन्डिङ*

चौतारी पुस्तकालयमा यो आर्थिक वर्ष जर्नल, म्यागेजिन, पुस्तक र अखबार गरी ४ थरी सामग्री बाइन्डिङ गरियो । कतिपय पुराना जर्नलका भोल्यूम पूरा भएकाले तिनलाई बाइन्डिङ गरियो । त्यस्तै, पुस्तकालयमा किनिएका म्यागाजिनहरू प्रकाशन प्रकृतिका आधारमा निश्चित समयको अन्तरमा बाइन्डिङ गर्ने कामलाई निरन्तरता दिइयो । पुस्तकालयमा च्यातिने अवस्थामा रहेका वा च्यातिएका कतिपय पुस्तकको पनि बाइन्डिङ गरिएको छ । दैनिक तथा साप्ताहिक पत्रपत्रिका बाइन्डिङ गर्नका लागि विगतको जस्तो बाहिर पठाउने क्रम रोकियो तर चौतारीमा पत्रिकाका आकारअनुसारका फाइल किनेर ल्याउने र पत्रिकालाई प्रत्येक महिनाको एउटा फाइल बनाएर फाइलिङ गर्न थालियो । हाल अध्ययन कक्षमा बस्ने छुट्टै कर्मचारी नभएकाले पत्रपत्रिका फाइलिङको काम केही समयदेखि रोकिएको छ । आगामी दिनमा बाइन्डिङका लागि पत्रपत्रिका बाहिर पठाइने छैन, चौतारीमै फाइलिङ गरिनेछ । यो आर्थिक वर्ष जर्नल, म्यागेजिन र पुस्तक गरी जम्मा ५४ थान बाइन्डिङ गरियो ।

### *३.७ प्रयोगकर्ता*

पुस्तकालयमा राखिएको गेट रजिष्टरबाट यस आ.व. मा पुस्तकालय आउने आगन्तुकहरूको सङ्ख्या ८७९ रहेको देखिन्छ । तर विभिन्न सेवाहरूमध्ये चौतारी पुस्तकालयमा संकलित पत्रपत्रिकाका पुराना अंक हेर्ने प्रयोगकर्ता मात्रको

संख्या १०१७ छ ।[१] त्यस्तै फोटोकपि सेवा लिनेको सङ्ख्या ७१२ छ । त्यसै गरी अध्ययन कक्षमा बसेर चौतारीको कम्प्युटर प्रयोग गरी इन्टरनेट सेवा लिनेको सङ्ख्या ४६४ छ । गत बर्षदेखि अध्ययनकक्षमा ल्यापटप लिएर आउनेका लागि पनि तारमार्फत इन्टरनेटको सुविधा दिन थालिएकाले व्यक्तिगत कम्प्युटर प्रयोगकर्ता बढेको देखिन्छ । यी सबै तथ्यांकमा चौतारीका सदस्य वा कर्मचारीले लिएको सेवा गणना गरिएको छैन । यस अवधिमा मार्टिन चौतारीका कर्मचारी र सदस्यहरूले १०३० पुस्तकहरू घर लगेर पढेको पाइयो ।

यस पुस्तकालयमा भएका सामग्रीहरू जतिसक्दो धेरै प्रयोग होस् भनेर चौतारीले आफ्ना नियमित छलफलमा पनि उपलब्ध सामग्रीहरूको बारेमा सूचना दिने कार्य भइरहेको छ ।

### *३.८ अन्य*

२०६६ सालमा बनाइएको पुस्तकालय म्यानुअलको दोश्रो संस्करण यस वर्ष तयार गरियो । यो म्यानुअल पुस्तकालयका कर्मचारीहरूको लागि तयार पारिएको हो । पुस्तकालय प्रयोगकर्ताका लागि पुस्तकालय प्रयोगसम्बन्धी छुट्टै म्यानुअल आवश्यक ठानेर योगेश राजको लेखनमा प्रयोगकर्ताका लागि म्यानुअल पनि तयार गरियो र असारको सुरुदेखि नै यसलाई ड्राफ्टका रूपमा प्रयोगकर्तालाई वितरण गर्न थालिएको छ । साथै चौतारीको वेबसाइटमा पनि यसलाई अपलोड गरिएको छ, जसको लिंक यसप्रकार छ : http://martinchautari.org.np/files/LibraryUserManual.pdf । पुस्तकालयका कामको समीक्षा गर्नका लागि चौतारीका सदश्यद्वय सिर्जना सुब्बा र संगीता पाण्डेको दुई सदश्यीय समिति गत वर्ष गठन भएको थियो । सो समितिले अध्ययनका क्रममा दिएका केही बुँदागत सुझाव तथा आन्तरिक तथा बाह्य छलफलपछि चौतारी पुस्तकालयको समीक्षा तयार गरियो । समीक्षा लेखन रमेश राईले गर्नुभयो । पुस्तकालय समीक्षाकै क्रममा चौतारी पुस्तकालयको क्याटलग सर्च गर्ने कम्प्युटर उभिएर खोज्न अप्ठेरो भएकाले बसेर खोज्न मिल्ने बनाउन पुस्तकालयका पाठकहरूबाट सुझाव आयो र सोहीबमोजिम बसेर सर्च गर्न मिल्ने बनाइयो ।

## ४. मिडिया अनुसन्धान शाखा

### *४.१ पुस्तक संकलन*

चौतारी पुस्तकालय तथा स्रोत-सामग्री केन्द्रमा कार्यपत्र र प्रकाशित अनुसन्धानमूलक तथा विश्लेषणात्मक लेख, शोधग्रन्थ र अप्रकाशित प्रतिवेदन, पुस्तक संकलन गर्ने काम गरियो । संकलनबारे थप चर्चा मार्टिन चौतारी पुस्तकालय उपशीर्षकमा अगाडि नै गरिएको छ ।

### *४.२ पुस्तक प्रकाशन*

अघिल्लो वर्ष निकाल्ने योजना गरिएको म्यागेजिनसम्बन्धी पुस्तक यो वर्ष प्रकाशित भयो । करिब ४५० पृष्ठको यस पुस्तकमा २०४६ सालपछि प्रकाशित विभिन्न किसिमका म्यागेजिनबारे नयाँ लेखिएका र पूर्व प्रकाशित गरी १५ ओटा लेखहरू प्रकाशित छन् जसमध्ये केही सम्बन्धित म्यागेजिनमा काम गरेका व्यक्तिहरूको संस्मरण हुन् भने बाँकी अनुसन्धानमूलक लेखहरू हुन् । यो पुस्तक प्रकाशन भइसकेपश्चात् ३ ओटा समीक्षा (*गोरखापत्र, नेपाल* र *नागरिक*मा) तथा एउटा पुस्तक परिचय (*कान्तिपुर*मा) प्रकाशित भइसकेका छन् । त्यस्तै, वार्षिक मिडिया जर्नल *मिडिया अध्ययन* ९ (सन् २०१४) यो आर्थिक वर्षको अन्तिमतिर प्रकाशित भएको हो । करिब २५० पृष्ठको यस अंकको संयोजन र सम्पादन देवराज हुमागाईं, प्रत्यूष वन्त, शेखर पराजुली, हर्षमान महर्जन र अर्जुन पन्थीले गर्नुभएको हो । जर्नलको यस अंकमा छओटा लेख, एउटा टिप्पणी, दुइटा संस्मरण, एउटा अन्तर्वार्ता र दुईओटा पुस्तक समीक्षा गरी १२ ओटा सामग्री छापिएका छन् । लेखकबाट समयमा परिमार्जन नभएका केही लेखहरूलाई *मिडिया अध्ययन* १० को लागि थाती राखिएको छ ।

---

[१] गेटमा राखिएको रजिस्टरमा आगन्तुक सबैले नाम लेख्दैनन् । तर पुराना पत्रपत्रिका प्रयोग गर्ने वा इन्टरनेट प्रयोग गर्ने व्यक्तिहरूको नाम अनिवार्य रूपमा लेख्न लगाइन्छ । पुस्तकालयमा आउनेमध्ये सबैले पुराना पत्रपत्रिका नहेर्ने हुनाले पुस्तकालयमा आउने आगन्तुकको संख्या एक हजारभन्दा बढी नै रहेको भन्न सकिन्छ ।

### *४.३ अनुसन्धान*

गएको आ.व.मा जस्तै यस वर्ष पनि मिडिया अनुसन्धान समूहले नेपालमा म्यागेजिनकारिता बारेको अध्ययनलाई निरन्तरता दिएको थियो । दुई ओटा नयाँ अनुसन्धान जनजाति म्यागेजिन तथा *हिमाल खबरपत्रिका*बारे र परिचय खण्ड लगायत अरू अघिल्लो आ.व.मा गरिएको अनुसन्धानका मस्यौदाहरूमा पनि परिमार्जनको काम गरियो । म्यागेजिनसम्बन्धी पुस्तक प्रकाशित गर्ने उद्देश्यले गएको आ.व.मा प्राप्त भएका म्यागेजिनसम्बन्धी लेख सम्पादन गर्ने, लेआउट गर्ने र प्रुफ हेर्ने काम पनि भयो । म्यागेजिनसम्बन्धी पुस्तकमा र *मिडिया अध्ययन*को लागि मार्टिन चौतारीभित्रबाट केही नयाँ अनुसन्धान तथा केही अनुसन्धानका मस्यौदामाथि काम भए जसको विवरण निम्न तालिकामा दिइएको छ :

**तालिका १ : मिडिया अनुसन्धान समूहअन्तर्गत यस वर्ष भएका अनुसन्धानको विवरण**

| क्र.सं | लेखको नाम | व्यक्ति | कैफियत |
|---|---|---|---|
| १. | 'बेस्ट सेलर' बनाउने होड : पुस्तकको बजार प्रवर्द्धनमा मिडियाको उपयोग | अर्जुन पन्थी र देवराज हुमागाईं | *मिडिया अध्ययन* ९ मा प्रकाशित लेख । |
| २. | नयाँ व्यवस्थामा बुद्धिजीवीको व्यवस्थापन : पञ्चायत, लेखक र *रमझम*को सम्बन्ध | हर्षमान महर्जन | अघिल्लो आवमा लेखी यो आवमा विभिन्न पटक परिमार्जन गरी *मिडिया अध्ययन* ९ मा प्रकाशित लेख । |
| ३. | जनजाति म्यागेजिन : समावेशी सार्वजनिक वृत्त निर्माणको प्रयास | प्रत्यूष वन्त र देवराज हुमागाईं | *नेपाली म्यागेजिनका २५ वर्ष (वि.सं. २०४६-२०७०)* मा प्रकाशित । |
| ४. | म्यागेजिन पुस्तकको परिचय | अर्जुन पन्थी, प्रत्यूष वन्त र हर्षमान महर्जन | अघिल्ला आ.व.मा सुरु गरी यो आ.व.मा *नेपाली म्यागेजिनका २५ वर्ष (वि.सं. २०४६-२०७०)* मा प्रकाशित लेख । |
| ५. | 'मध्यमार्ग'को बदलिँदो रूप : *हिमाल खबरपत्रिका*को राजनीतिक पक्षधरता | अर्जुन पन्थी | अघिल्लो आ.व.मा सुरु गरी यो आ.व.मा *नेपाली म्यागेजिनका २५ वर्ष (वि.सं. २०४६-२०७०)*मा प्रकाशित लेख । |
| ६. | नेपालमा सूचनाप्रविधि/इन्टरनेटसम्बन्धी सरकारी नीतिहरूको समीक्षा | हर्षमान महर्जन र शैलेशबहादुर पाण्डे | अनुसन्धान जारी । यसको संक्षिप्त अंश (अनुसन्धान संक्षेपका रूपमा छुट्टै तथा लामो लेख मिडिया अध्ययन १० मा प्रकाशित गरिने । |
| ७. | नेपालमा सूचनाप्रविधि/इन्टरनेट क्षेत्रमा काम गर्ने सरोकारवालाहरूको सर्वेक्षण | शैलेशबहादुर पाण्डे, अर्जुन पन्थी र तृष्णा सिंह | सर्वेक्षणको प्रश्नावली तयार पारी, सर्वेक्षण कार्य सुरु गरिएको । |
| ८. | Expansion of the Public Sphere amidst Market Challenges: Janajati Magazines in Nepal in the 1990s. | प्रत्यूष वन्त | Published in *Ethnicity in the Margins: Adivasis and Janajatis in India and Nepal.* Marine Carrin, Gérard Toffin and Pralay Kanungo, eds., pp. 255-277. New Delhi: Primus Books (2014). |
| ९. | Emerging Challenges of Social Science Research and Knowledge Gaps | प्रत्यूष वन्त | Paper presented in a panel entitled "Emerging Challenges of Social Science Research and Knowledge Gaps" as part of the International Conference on 'Status and Role of Social Science Research in Asia- Emerging Challenges and Policy Issues" organized by the Indian Council for Social Science Research (ICSSR) and the International Development Research Centre (IDRC) in New Delhi on 14 March 2014. |

तालिकामा उल्लिखित अनुसन्धानबाहेक यो वर्ष हर्षमान महर्जनले पत्रकारिता तथा आमसञ्चार शिक्षासम्बन्धी सन्दर्भसूची तयार पार्नुभयो, जसलाई चौतारीको वेबसाइटमा यो लिंकमा गएर हेर्न सकिन्छ : http://martinchautari.org.np/files/Biblio_Journalism-and-Mass-Communication-Media-Education-in-Nepal_By-HarshamanMaharjan.pdf । त्यस्तै, हर्षमान महर्जन, रमिता महर्जन, अर्जुन पन्थी र शैलेशबहादुर पाण्डेले नेपालमा इन्टरनेटसम्बन्धी लेखिएका सामग्रीको सन्दर्भसूची तयार गर्नुभयो । यो सन्दर्भसूची

चौतारीको वेबसाइटमा यो लिंकमा गएर हेर्न सकिन्छ : http://www.martinchautari.org.np/files/Writings_on_the_Internet_in_ Nepal_A_Bibliography.pdf ।

मिडिया अनुसन्धान कार्यक्रमअन्तर्गत नै बाहिरका व्यक्तिहरूसँग करार गरी निश्चित विषयमा अनुसन्धान गराउने कार्यलाई यस वर्ष पनि निरन्तरता दिइयो । यस क्रममा तिलक पाठकलाई *मिडिया अध्ययन*का आठ अंकसम्मको समीक्षा गर्न लगाइयो । त्यसै गरी अघिल्लो आ.व.मा दीपक अर्याललाई नेपाली पत्रपत्रिकामा ग्राफिक्स प्रयोगको परम्परा र राष्ट्रियताको सवालबारे अनुसन्धानमूलक लेख लेख्न अनुरोध गरिएको थियो । उक्त विषयको लेख *मिडिया अध्ययन* ९ मा प्रकाशित छ । त्यसै गरी कल्पना न्यौपानेलाई माओवादीले युद्धकालमा सञ्चालन गरेको भूमिगत रेडियोमा आफूले काम गर्दाको अनुभव लेख्न तथा खगेन्द्र संग्रौलालाई नेपाली मिडियाको पाठकका रूपमा संस्मरण लेख लेख्नको लागि अघिल्लो आ.व.मा सम्झौता गरिएको थियो । उहाँहरूका संस्मरणात्मक लेखहरू पनि *मिडिया अध्ययन* ९ मा प्रकाशित छन् ।

### ४.४ मिडिया फेलोसिप

सन् २००६ देखि दिँदै आएको चौतारी मिडिया फेलोसिप यस आ.व.मा कसैलाई पनि दिइएन । अघिल्लो आ.व.मा अनुसन्धानपश्चात् तयार गरिसकेको शोधपत्रलाई लेखमा रूपान्तरण गर्न सहयोग गर्ने हिसाबले एकजनालाई फेलोसिप दिइएको थियो । त्रिविअन्तर्गत अंग्रेजी केन्द्रीय विभागबाट एमफिल सकेका बलबहादुर थापाले 'Nationalism's Appropriation of Modernity in *Anagarik* and *Maitighar'* शीर्षकमा लेखेको शोधपत्रलाई परिमार्जन गर्न लगाई नेपाली भाषामा *"माइतिघर* र *अनागरिक*मा राष्ट्रको परिकल्पना" शीर्षकको लेख लेखिएको छ । यो लेख *मिडिया अध्ययन* ९ मा प्रकाशित छ ।

### ४.५ मिडिया छलफल, सेमिनार र कार्यशाला

नेपाली मिडियाका विभिन्न आयामबारे बिहीबार नियमित छलफल गर्ने र वृत्तचित्र तथा चलचित्र देखाउने कामले यस वर्ष निरन्तरता पाएन । तर आइतबार र मंगलबार मिडियासम्बन्धी विभिन्न १३ ओटा छलफलहरू भए । त्यसै गरी ३ ओटा सेमिनार, नेपाली युवा पत्रकारहरूका लागि समसामयिक राजनीतिक मुद्दाहरूबारे एउटा कक्षा, इन्टरनेटको पहुँच र प्रयोगसम्बन्धी स्थानीय साझेदार संस्थासँग मिलेर एउटा परिचयात्मक कार्यशाला तथा एउटा अनुसन्धान सम्मेलन पनि आयोजना गरिएका थिए ।

**तालिका २ : मिडिया अनुसन्धान समूहअन्तर्गत यस आ.व.मा भएका विशेष कार्यक्रमको विवरण**

| क.सं. | कार्यक्रमको नाम | मिति | सहकार्य/वक्ता |
|---|---|---|---|
| १. | संविधानसभा निर्वाचनमा नेपाली मिडिया : पहिलो निर्वाचनको अनुभवले सिकाएको पाठ | २०७० कात्तिक १२ | धर्म अधिकारी, मिडिया फाउण्डेसन |
| २. | *मिडिया अध्ययन* जर्नलको समीक्षा | २०७० मंसिर ३० | तिलक पाठक, सेन्टर फर मिडिया रिसर्च-नेपाल |
| ३. | Media\s Role in Transition to Democracy : The situation in Post-conflict Nepal | २०७० फागुन ४ | निर्मल रिजाल, इक्वेल एक्सेस |
| ४. | नेपालको समसामयिक राजनीतिक मुद्दाहरूबारे कार्यशाला | २०७० कात्तिक ४, ७, ११, १४ | सीके लाल |
| ५. | नेपालमा इन्टरनेटको पहुँच र प्रयोगः परिचयात्मक कार्यशाला | २०७१ जेठ २३ | मार्टिन चौतारी र सिआरएसडिटि/नेक |
| ६. | अनुसन्धान कार्यान्वयन र व्यवस्थापन कार्यशाला | २०७१ असार २० | मार्टिन चौतारी र सिआरएसडिटि/नेक |

### *४.६ मिडिया अनुसन्धान सम्मेलन*

मार्टिन चौतारीले २०७१ वैशाख १४ गते काभ्रेको धुलिखेलमा 'मिडिया अनुसन्धान सम्मेलन-५' को आयोजना गऱ्यो । मार्टिन चौतारी एक्लैले विगतमा पहिलो र दोस्रो मिडिया अनुसन्धान सम्मेलन गरेकामा काठमाडौँ विश्वविद्यालयसँग तेस्रो पटकको सहकार्यमा पाँचौँ सम्मेलन आयोजना गरिएको हो । यसका लागि अनुसन्धानको सारसहितको आवेदन आह्वान गरेअनुरूप जम्मा १२ जनाको आवेदन परेको थियो । दिइएको अन्तिम अवधिसम्म ३ जनाले अनुसन्धानपत्रको पूरारूप पठाएनन् । त्यसैले ९ जना कार्यपत्र प्रस्तोताको प्रत्येक पत्रका लागि छुट्टाछुट्टै टिप्पणीकर्ताको व्यवस्था गरिएको थियो । सम्मेलनलाई कूल तीनओटा सत्रमा बाँडिएको थियो । अन्तिम सत्रमा "नेपालमा खोज पत्रकारिताको अभ्यास" शीर्षकमा प्यानल छलफल गरिएको थियो । एक्लैले सम्मेलन गर्नुभन्दा काठमाडौँ विश्वविद्यालय, भाषा तथा आमसञ्चार विभागसँग सहकार्य गर्दा कार्यक्रमको पहुँच र प्रभाव केही फराकिलो भएको, तथा कार्यबोझ पनि बाँडिएको तेस्रो र चौथो सम्मेलनका क्रममा चौतारीले गरेको मूल्यांकन थियो । त्यसैले पाँचौँ सम्मेलन पनि सहकार्यमै आयोजना गरियो । यो अनुसन्धान सम्मेलनमा समयमा खाना तयार नहुनु, कुपनको व्यवस्था नहुनु र रजिस्ट्रेसनको व्यवस्थापनमा कमजोरी देखिएको थियो । यो अनुसन्धान सम्मेलनको तालिका अनुसूची ३ मा दिइएको छ ।

## ५. लोकतन्त्र र शासनपद्धति शाखा

मार्टिन चौतारीले आ.व. २०७०/७१ मा Democracy and Governance (लोकतन्त्र र शासनपद्धति) शीर्षकअन्तर्गत विभिन्न कार्यक्रम प्रस्ताव गरेको थियो जसमध्ये संविधान-निर्माण प्रक्रियालाई नजिकबाट अनुगमन गर्दै नीतिपत्रहरू प्रकाशन गर्ने, राष्ट्रियताका विषयमा विभिन्न जिल्लाहरूमा क्षेत्रीय र जिल्लास्तरीय सघन अन्तर्क्रियात्मक छलफल गराउने, चौतारी छलफलमा तत्कालीन राजनीतिक परिवेशलाई समेटेर महिनामा एकपटक 'नेपालमा के हुँदैछ ?' शीर्षकमा छलफल गराउने लक्ष्य राखिएको थियो । सोहीअनुरूप आ.व. २०७०/७१ मा निम्नलिखित कार्य सम्पन्न भए ।

### *५.१ नीतिपत्रहरूको प्रकाशन*

माथि भनिएझैँ चौतारीले संविधानसभालाई केन्द्रबिन्दुमा राखेर यस आर्थिक वर्षमा दुईओटा नीतिपत्र प्रकाशन गर्ने योजना बनाएको थियो । जसअनुरूप *नीतिपत्र १० : संविधानसभाको दोस्रो निर्वाचन (२०७०),* २०७० कात्तिकमा प्रकाशित भयो । यो नीतिपत्र नेपालीमा १५ सय प्रति छापेर वितरण गरिएको थियो । यसको अंग्रेजी संस्करण भने चौतारीको वेबसाइटमा मात्र राखी इमेलमार्फत् चौतारीको नेटवर्कमा भएका सबैलाई लिंक पठाइयो । अर्को नीतिपत्र संविधानसभा निर्वाचन नियमावली एवं आचारसंहिता र ककसहरूको कार्यसम्बन्धी प्रकाशन गर्ने योजना राखिएको थियो । उक्त नीतिपत्र समयाभावका कारण यस वर्ष निस्कन नसकेकाले अर्को आर्थिक वर्षको लागि सारिएको छ । अहिलेसम्म प्रकाशित नीतिपत्रहरू चौतारीको वेबसाइटमा उपलब्ध छन् । रुचि हुने जोसुकैले यसलाई http://martinchautari.org.np/2012-08-27-08-45-41/policy-briefs.html लिंकमा गएर सजिलै डाउनलोड गर्न सक्छन् । यी नीतिपत्रहरू 'डिजिटल हिमालय' को वेबसाइट http://www.digitalhimalaya.com/collections/journals/mcpb/ मा पनि राखिएको छ ।

मार्टिन चौतारीले प्रकाशन गरेका *नीतिपत्र*हरूबारे सकारात्मक टिप्पणी पाइएको छ । देशभित्र तथा विदेशका प्रमुख समाचार संस्थाले मार्टिन चौतारीले उठाएका विषयवस्तुलाई थप विस्तार गर्ने तथा मार्टिन चौतारीका *नीतिपत्र*मा प्रकाशित तथ्यांकलाई उद्धृत गर्दै सामग्री प्रकाशन गरेकाले हामीले उठाएका विषयवस्तुको महत्ता तथा औचित्य स्थापित भएको छ भन्न सकिन्छ । *नीतिपत्र* प्रकाशन र वितरणबाहेक विभिन्न प्रमुख राष्ट्रिय दैनिक *(द काठमाण्डू पोष्ट)* मा विचार, टिप्पणीहरूको प्रकाशनमार्फत पनि मार्टिन चौतारीले संविधान निर्माण प्रक्रियालाई नजिकबाट अनुगमन गर्ने गरेको थियो (हेर्नुहोस् अनुसूची ४) ।

### *५.२ नेपाली राष्ट्रियता र राष्ट्रिय पहिचानसम्बन्धी बहस*

यस आ.व.मा मार्टिन चौतारीले नेपाली राष्ट्रियता र राष्ट्रिय पहिचानका विषयमा देशभरका विभिन्न स्थानमा आठओटा अन्तर्क्रियात्मक छलफल चलाउने योजना बनाएको थियो । तर, चितवन, रुकुम र नुवाकोट गरी तीन स्थानमा मात्र स्थानीय र क्षेत्रीय स्तरका छलफल सम्पन्न हुन सक्यो । खास गरी डानिडाको सहयोग डिसेम्बरमा सकिएको र सो

छलफलका लागि अन्यत्रबाट आवश्यक सहयोग जुट्न नसकेका कारण बाँकी छलफल गर्न सकिएन । नेपाली राष्ट्रियता र राष्ट्रिय पहिचानसम्बन्धी विभिन्न सरोकारवाला व्यक्तिहरूको विचार-निर्माणमा मद्दत पुग्ने र आगामी बहसमा उपयोगी हुनसक्ने अपेक्षाका साथ *नेपाली राष्ट्रियता : चिन्तन र अभिव्यक्ति* नामक पुस्तक वितरण गरिएको थियो । राष्ट्रियतासम्बन्धी छलफल कार्यक्रम अझ बढी गहन होऊन् भनेर कार्यक्रम हुनु एक-दुई हप्ता अगाडि नै कतिपय सहभागीहरूलाई पुस्तक उपलब्ध गराइएको हो । कार्यक्रममा चौतारीले प्रकाशन गरेका *नीतिपत्र*हरू पनि वितरण गरिएको थियो ।

उक्त कार्यक्रमहरूमा प्रमुख वक्ताको रूपमा खगेन्द्र संग्रौला सामेल हुनुभएको थियो । यस्तै, स्थानीय टिप्पणीकर्ताका रूपमा कार्यक्रम हुने जिल्ला वा क्षेत्रका सामाजिक, राजनीतिक व्यक्तित्वहरूलाई विशेष टिप्पणीका लागि अनुरोध गरिएको थियो । सबै ठाउँमा सम्पन्न भएका कार्यक्रमहरूमा स्थानीय क्षेत्रका विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, प्राध्यापक/शिक्षक, सञ्चारकर्मी, गैससका प्रतिनिधि, विद्यार्थी, वकिल, अधिकारकर्मी, स्वतन्त्र व्यक्तित्व तथा नागरिक समाजका प्रतिनिधिहरू सहभागी थिए । यी छलफलबारे समाचार तथा टिप्पणी स्थानीय एफएम स्टेसनबाट प्रसारित एवं पत्रपत्रिकाहरूमा छापिएकाले कार्यक्रमका सहभागी मात्र नभई ती समाचार माध्यमका श्रोता, पाठक तथा दर्शकहरूसम्म पुगेको थियो भन्न सकिन्छ (हेर्नुहोस् अनुसूची ४) ।

स्थानीय तथा क्षेत्रीयस्तरमा भएका राष्ट्रियतासम्बन्धी छलफलको थप विवरण तल दिइएको छ :

**चितवन** : चितवन जिल्लाको नारायणगढमा २०७० भदौ ८ का दिन क्षेत्रीयस्तरको नेपाली राष्ट्रियताको बहस कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा लेखक खगेन्द्र सँग्रौला, रमेश पराजुली तथा टिप्पणीकर्ताद्वय रमाकान्त पोखरेल (प्राध्यापक तथा समाज विज्ञान अध्येता) र मीना खरेल (महिला अधिकारकर्मी) ले कार्यक्रमको सुरुमा राष्ट्रियताबारे आफ्ना विचार राख्नुभएको थियो । कार्यक्रममा चितवन र नवलपरासी जिल्लाबाट विभिन्न क्षेत्र, समुदाय र लिङ्गका सहभागीहरूको संलग्नता थियो । कार्यक्रममा १६२ जनाको सहभागिता थियो जसमध्ये १३३ पुरुष र २९ महिला थिए । कार्यक्रमका सहभागीमध्ये ३० जना सहभागीहरूले आ-आफ्ना विचार, जिज्ञासा र दृष्टिकोण राखेका थिए । नेपाल पत्रकार महासंघ, चितवनले कार्यक्रमको स्थानीय संयोजन गरेको थियो । छलफल कार्यक्रमबारे *कायाकैरन, पारदर्शी* दैनिक तथा स्थानीय रेडियो त्रिवेणी एफएम, विजय एफएम, टाँडी एफएम र क्रिष्टल टिभीले राष्ट्रियतासम्बन्धी कार्यक्रम तथा समाचार प्रमुखताका साथ प्रकाशन एवं प्रसारण गरे (हेर्नुहोस् अनुसूची ४) ।

**रुकुम** : रुकुम जिल्लाको खलंगामा २०७० असोज ११ का दिन नेपाली राष्ट्रियताबारे बहस कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा लेखक खगेन्द्र संग्रौला तथा टिप्पणीकर्ता गणेश हमाल (अधिवक्ता) ले कार्यक्रमको सुरुमा राष्ट्रियताबारे आफ्ना विचार राख्नुभएको थियो । कार्यक्रममा १२९ जनाको सहभागिता थियो जसमध्ये ११३ पुरुष र १६ महिला थिए । कार्यक्रमका सहभागीमध्ये ३० जना सहभागीहरूले आ-आफ्ना विचार, जिज्ञासा र दृष्टिकोण राखेका थिए । नेपाल पत्रकार महासंघ, रुकुमले कार्यक्रमको स्थानीय संयोजन गरेको थियो । छलफल कार्यक्रमलाई स्थानीय रेडियो सानी भेरी र उत्तरगंगा एफएमले प्रत्यक्ष प्रसारण गरेका थिए ।

**नुवाकोट** : नुवाकोट जिल्लाको विदुर नगरपालिकामा २०७० मंसिर ३० का दिन नेपाली राष्ट्रियताको बहस कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा लेखक खगेन्द्र सँग्रौला तथा श्यामसुन्दर श्रेष्ठ (समाजसेवी) ले कार्यक्रमको सुरुमा राष्ट्रियताबारे आफ्ना विचार राख्नुभएको थियो । कार्यक्रममा विभिन्न क्षेत्र, समुदाय र लिङ्गका सहभागीहरूको संलग्नता थियो । कार्यक्रममा ४७ जनाको सहभागिता थियो जसमध्ये पुरुष ३७ र १० महिला थिए । कार्यक्रमका सहभागीमध्ये १५ जना सहभागीहरूले आ-आफ्ना विचार, जिज्ञासा र दृष्टिकोण राखेका थिए । टिभी त्रिशुलीले कार्यक्रमको स्थानीय संयोजन गरेको थियो । छलफल कार्यक्रमबारे टिभी त्रिशुली, त्रिशुली एफएम र नुवाकोट एफएफले प्रमुखताका साथ प्रसारण गरे ।

### ५.३. मासिक छलफल शृंखला : नेपालमा के हुँदैछ ?

यस आर्थिक वर्षमा प्रत्येक अंग्रेजी महिनाको हरेक दोस्रो मंगलबार 'नेपालमा के हुँदैछ ?' शीर्षकअन्तर्गत भएकासहित समसामयिक राजनीतिबारे ११ ओटा छलफल आयोजना गरिए (हेर्नुहोस् अनुसूची १) । जसअन्तर्गत पहिलो र दोस्रो संविधानसभा निर्वाचन केन्द्रित विविध विषयमा ५ ओटा छलफलमा निर्वाचन क्षेत्र निर्धारण समितिका तत्कालीन सदस्य डम्बर चेम्जोङ, माओवादी नेता खिमलाल देवकोटा, नेकपा एमाले नेता अग्नी खरेल, सन्त ब. बस्नेत, तुलानारायण साह, यम ब. किसान, कला राई र शंकर लिम्बू, उपत्यकाको सडक बिस्तारसम्बन्धी भाइकाजी तिवारी,

महिला मुक्तिबारेमा माओवादी नेतृ हिसिया यमि, एमालेको नवौं महाधिवेशनसम्बन्धी राजनीतिक विश्लेषक मुमाराम खनाल र युद्धपश्चात्को अवस्थाबारे Jamie McGoldrick, UN Resident Coordinator लगायतका वक्ताहरूले आ-आफ्ना विचार व्यक्त गर्नुभएको थियो ।

## ६.जनजीविका अनुसन्धान शाखा

### ६.१. शिक्षा

समाजविज्ञान तथा उच्चशिक्षालाई मध्यनजर गर्दै यसवर्षका छलफलहरू आयोजना गरिएका थिए । यस आर्थिक बर्षमा 'नेपालमा समाजविज्ञानको अध्ययन तथा अनुसन्धान', 'प्रस्तावित समाजविज्ञान अनुसन्धान परिषद्' र 'प्रस्तावित उच्च शिक्षा नीति' जस्ता विषयमा सेमिनार/कार्यशालाहरू आयोजना गरिए (हेर्नुहोस् अनुसुची ५,६ र ७) । मार्टिन चौतारीको नियमित छलफलअन्तर्गत यस आर्थिक वर्ष दुई ओटा शिक्षासम्बन्धी छलफल आयोजना गर्ने वार्षिक लक्ष्य भए पनि यस अवधिमा शिक्षाका विभिन्न ९ ओटा विषयमा छलफलको आयोजना गरियो (हेर्नुहोस अनुसूची १) । शिक्षा शाखाअन्तर्गत प्रकाशित गर्ने भनिएका पुस्तकहरू *Ruptures and Repairs in South Asia: Historical Perspectives* (दक्षिण एसियाको इतिहासमा क्रमभंग र सम्भार) तथा नेपालमा समाजशास्त्र/मानवशास्त्र, भूगोल तथा इतिहास विषयको शिक्षण र अनुसन्धानको अवस्थाबारेका तीन ओटा पुस्तकहरू पनि प्रकाशन गरिए । सन् २०१० र २०११ का फेलोहरूले गरेको अनुसन्धानमा आधारित पुस्तक तथा शैक्षिक संस्थानबाहिर ज्ञान उत्पादनसम्बन्धी पुस्तक भने प्रकाशन हुन सकेन । दुवै पुस्तक सम्पादनको क्रममा रहेका छन् र यी आगामी वर्ष निस्कने छन् ।

ओपन सोसाइटी फाउन्डेसनको आर्थिक सहयोगमा सञ्चालन हुने परियोजनाअन्तर्गत शिक्षासम्बन्धी अनुसन्धानको सिलसिलामा नेपालको उच्च शिक्षा नीतिसम्बन्धी अनुसन्धानहरू जारी छन् । यसै सिलसिलामा विश्वविद्यालय अनुदान आयोगले वैशाख २०७१ मा सार्वजनिक बहसका लागि उपलब्ध गराएको प्रस्तावित उच्चशिक्षा नीतिको मस्यौदाको समीक्षा गर्ने काम चौतारीले गरेको थियो । यस क्रममा देवेन्द्र उप्रेती, प्रमोद भट्ट र प्रत्यूष वन्तद्वारा लेखिएको एउटा लेख *कान्तिपुर दैनिक*को २६ असारको अंकमा प्रकाशित भएको थियो (हेर्नुहोस् अनुसूची ४ मा उप्रेती र अरू २०७१) । यसै परियोजनाअन्तर्गत उच्चशिक्षासम्बन्धी सन्दर्भ सूची तयार गरी चौतारीको वेबसाइटमा राखियो । यसका लागि निम्न लिंक हेर्नुहोला : http://martinchautari.org.np/files/BibliographyOfWritingsOnHigherEducationReformInNepal.pdf

### ६.१. १ युवा अनुसन्धान सम्मेलन - २०१३

चौथो युवा अनुसन्धान सम्मेलन सन् २०१४ जनवरी २ र ३ मा मार्टिन चौतारीको सभाहलमा सम्पन्न भयो । यो सम्मेलन आयोजना गर्नुको उद्देश्य समाज विज्ञानमा युवाहरूको उपस्थितिलाई प्रोत्साहन गर्ने र समसामयिक सामाजिक-राजनीतिक बहसमा युवा अनुसन्धाताको आवाज बुलन्द गर्ने थियो । नेपाली समाजका विभिन्न विषयहरूमा गरिएका ११ ओटा अनुसन्धान कार्यपत्रहरू यस सम्मेलनमा प्रस्तुत भए (हेर्नुहोस् अनुसुची ८) । यसमा समाज विज्ञानसम्बन्धी अनुसन्धानमा चासो राख्ने युवा पुस्ताका करिब ७० जनाको सहभागिता थियो ।

### ६.२ स्वास्थ्य

नेपालमा मानसिक स्वास्थ्य र 'भिन्न रूपका सक्षम' का मुद्दा सार्वजनिक बहसका अति सीमान्तीकृत विषय हुन् । यी सीमान्तीकृत विषयलाई सामान्यतः सार्वजानिक तहमा र विशेषतः जनस्वास्थ्यको क्षेत्रमा मुलप्रवाहीकरण (मेनस्ट्रिमिङ्) गर्ने उद्देश्यले सेप्टेम्बर २०१२ देखि हरेक दुई महिनाको एकपल्ट "मानसिक स्वास्थ्य छलफल शृंखला" सुरु गरिएको छ (हेर्नुहोस् अनुसूची १) । यो शृंखला मार्टिन चौतारी, नेपाल मेन्टल हेल्थ फाउन्डेसनसँगको संयुक्त आयोजनामा भएको हो । यस शृंखलाअन्तर्गत आर्थिक वर्ष २०७०/७१ मा मानसिक स्वास्थ्यमा ५ ओटा छलफल गर्ने लक्ष्य राखिए पनि यस अबधिमा ६ ओटा छलफल आयोजना गरियो (छलफलहरूको विवरण अनुसूची १ मा हेर्नुहोस्) । यसै गरी पाटन एकेडेमी अफ हेल्थ साइन्सेस्, न्युक्यासल विश्वविद्यालय, वेलायतको सहकार्यमा मार्टिन चौतारीले २२ फेब्रुवरी २०१४ मा एकदिने 'मेडिकल ह्युमानिटिज्' का बारेमा कार्यशालाको आयोजना गऱ्यो (हेर्नुहोस् अनुसूची ९) । यस कार्यशालामा

मेडिकल सोसियोलोजी/एन्थ्रोपोलोजी, पब्लिक हेल्थ, साइकोलोजी र मेडिकल साइन्ससेस् अध्ययन अनुसन्धान गरिरेहका र जनस्वास्थ्यमा चासो राख्ने करिब ३० जना व्यक्तिको उपस्थिति थियो । यस आर्थिक वर्षमा स्वास्थ्य शाखाअन्तर्गत नै अहिले नेपालसम्बन्धी 'भिन्न रूपमा संक्षम'का बारेमा लेखिएका कृतिहरूको सन्दर्भ सूची बनाउने काम भएको छ । मेडिकल सोसियोलोजी/एन्थ्रोपोलोजीसम्बन्धी मधुसुदन सुवेदीको पुस्तक प्रकाशन गर्ने योजना भए पनि काम नसकिएकोले निस्कन सकेन ।

### ६.३ जलबायु परिवर्तन

जलवायु परिवर्तनसँग सम्बन्धित कुनै पनि गतिविधि यस वर्ष गरिएन । जनशक्ति तथा आर्थिक स्रोतको अभावका कारण यस विषयमा काम गर्ने कुनै योजना चौतारीले बनाएको थिएन ।

### ६.४ शहरी फोहोर व्यवस्थापन

शहरी फोहोर व्यवस्थापनसम्बन्धी गतिविधिहरू पनि जनशक्ति तथा स्रोतको अभावमा यस वर्ष खासै हुन सकेन । गएको आ.व. मा तीर्थ विष्ट तथा योगेश राजले गरेको अनुसन्धानमा आधारित अनुसन्धानको प्रतिवेदनले यो वर्ष अन्तिम रूप पायो । सो प्रतिवेदन चौतारीको वेबसाइट http://martinchautari.org.np/files/KabaadReport2013.pdf मा हेर्न सकिन्छ ।

## ७. प्रशासन तथा वित्तीय शाखा

डानिडा हुगोसँग आ.व. २०६६/६७ देखि सुरु भएको चार वर्षे रणनीतिक साझेदारी कार्यक्रम आ.व. २०६९/७० को अन्तदेखि समाप्त भएपछि डानिडा हुगोले रणनीतिक साझेदारी कार्यक्रमलाई विस्तार गर्दै साढे पाँच महिनाका लागि उपलब्ध गराएको आर्थिक सहयोग २०७० पुसमा अन्त भयो । सो सहयोग बराबर प्राप्त रकमको बेग्लै लेखा परीक्षण गरी डानिडा हुगोलाई बुझाइयो । जापान फाउन्डेसनले "Ruptures & Repairs in South Asian History" परियोजनाअन्तर्गत दिँदै आएको अनुदान पनि यसै आ.व.देखि समाप्त भयो ।

यस आ.व.मा कार्यक्रम संयोजकका रूपमा लोकरञ्जन पराजुलीलाई आन्तरिक तवरबाट पूर्णकालीन करारमा नियुक्त गरियो । आन्तरिक तवरबाट नै सहायक लाइब्रेरियन रमेश निरौलालाई लाईब्रेरियन, सहायक प्रशासन तथा वित्तीय व्यवस्थापक रोजिना सिटौलालाई प्रशासन तथा सहायक वित्तीय व्यवस्थापक र कार्यालय सहायक अंकलाल चलाउनेलाई फ्रन्ट डेस्क अफिसर पदमा बढुवा गरियो । छलफल संयोजक देवेन्द्र उप्रेतीले दिएको निवेदनअनुसार उहाँलाई पूर्णकालीन करारबाट हप्तामा चार दिन मात्र कार्यालय उपस्थिति जनाउने गरी आंशिक करारमा नियुक्त गरियो । मार्टिन चौतारी र सेन्टर फर रिसर्च इन सोसियल डिफेन्स टेक्नोलोजी/नेपाल इन्जिनियरिङ कलेज (सिआरएसटिडि/नेक) का बीचमा नेपालमा इन्टरनेटको पहुँच र प्रयोगबारे गरिने अनुसन्धान परियोजनामा दुई संस्थाको सहकार्यका सम्बन्धमा भएको समझदारी अनुसार सिआरएसटिडिका श्री शैलेशबहादुर पाण्डेलाई वरिष्ठ अनुसन्धाताको रूपमा आन्तरिक तवरबाट ६ महिनाको परिक्षण कालमा सो परियोजनाका लागि नियुक्त गरियो । चौतारीका पब्लिक नलेज फेलो योगेश राजको करार २०७० मंसिरमा सकिएपश्चात् नयाँ करार गरिएन तर उहाँलाई नेपालमा इन्टरनेटको प्रयोग र पहुँचसम्बन्धी परियोजनामा अनुसन्धान निर्देशकको जिम्मेवारी दिइयो ।

यही आ.व.मा मिडियामा सहायक अनुसन्धाताका रूपमा कार्यरत तीर्थ विष्टद्वारा दिइएको स्वेच्छिक राजिनामा स्वीकृत गरियो । फ्रन्ट डेस्क अफिसरमा बढुवा भएपश्चात् अंकलाल चलाउनेले लाइब्रेरीको लागि गर्दै आउनुभएको काम शकबहादुर बुढाथोकी, बुद्ध श्रेष्ठ, रमेश निरौला र रमिता महर्जनबीच बाँडफाँड गरियो । साधारणसभाको २०७० भदौ १५ गतेको निर्णयअनुसार लेखापरीक्षकमा नवराज थपलियालाई नियुक्त गरियो । यसै गरी मार्टिन चौतारीको कर्मचारीहरूको सेवाका सर्त, सुविधा र सहुलियतसम्बन्धी नियमावलीमा रहेको वार्षिक बिदा तथा बिरामी बिदा बुँदामा सुधार गरी वर्षको अन्तमा कुनै कर्मचारीको बार्षिक तथा बिरामी विदा ७ दिन संचित भएमा सो बिदालाई अर्को वर्षको

लागि संचित नगरिने तथा मार्टिन चौतारीको विधानमा रहेको निर्वाचनसम्बन्धी बुदाँमा केही दुविधा भएको हुनाले सो सुधार गर्ने निर्णय गरियो । यस आ.व मा लैंगिक समता र सामाजिक समावेशीकरणसम्बन्धी अडिट गर्ने भनिए पनि सो अडिट हुन सकेन । यही आ.व. मा मार्टिन चौतारीको कार्यसम्पादन मूल्यांकन (Performance Evaluation) कार्य ODC की श्री इरा श्रेष्ठले गर्नुभयो ।

गत आर्थिक वर्षझैँ यस वर्ष पनि पूर्णकालीन करारमा कार्यरत कर्मचारीको हकमा स्वास्थ्य बीमाको व्यवस्थालाई निरन्तरता दिइयो । कर्मचारीको क्षमता अभिवृद्धि गर्न यसै आ.व.मा लेखा व्यवस्थापक विवेक शाह २१ दिने तालिममा भाग लिन डेनमार्क जानुभयो । बेला बेलामा हुने लाइब्रेरीसम्बन्धी कार्यशाला तथा नेपाल लाइब्रेरी एसोसिएसन तथा भक्तपूर लाइब्रेरी एसोसिएसनद्वारा प्रदान गरिएको दुइदिने लाइब्रेरीसम्बन्धी तालिममा रमेश निरौलाले भाग लिनुभयो । चौतारीका सबै कर्मचारीलाई दैनिक कामको सिलसिलामा आवश्यक पर्ने कम्प्युटरसम्बन्धी थप ज्ञान हासिल होस् भनेर आन्तरिक तवरबाट किशोर प्रधानद्वारा तीन दिने कम्प्यूटर तालिम प्रदान गरियो जसमा चौतारीका १६ जना कर्मचारीहरूको उपस्थिति थियो ।

यही आ.व मा अनुसन्धान निर्देशक सेरा तामाङले डेनमार्कमा आयोजित Danish Civil Rally 2013: On Track for Change?” कार्यक्रममा स्रोत व्यक्तिको रूपमा भाग लिनुभयो । कार्यकारी समिति अध्यक्ष प्रत्यूष वन्त दिल्लीमा Institute for Defense Studies and Analysis द्वारा आयोजित कार्यशालामा ‘Does Academia Matter to the Shaping of Mutual Perceptions in South Asia? शीर्षकमा कार्यपत्र प्रस्तुत गर्न जानुभयो । त्यस्तै, वन्त Indian Council for Social Science Research (ICSSR) and the International Development Research Centre (IDRC) द्वारा आयोजित ‘Status and Role of Social Science Research in Asia- Emerging Challenges and Policy Issues” विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा “Emerging Challenges of Social Science Research and Knowledge Gaps” शीर्षकको कार्यपत्र प्रस्तुत गर्न पनि जानुभयो । कार्यक्रम संयोजक लोकरञ्जन पराजुलीले थाइल्याण्डमा आयोजित Asia Pacific Scholarship Consortium (APSC) Student Meeting मा वक्ताको रूपमा भाग लिनुभयो । साथै उहाँले जापानमा आयोजित International Union of Anthropological and Ethnological Sciences (IUAES 2014) मा पनि कार्यपत्र प्रस्तुत गर्नुभयो र २०७१ असारबाट ६ महिनाको फेलोसिप पाएर उहाँ भारत जानुभयो । अनुसन्धानकर्ता हर्षमान महर्जनले एलाइन्स फर सोसल डाइलग (एएसडी) ले हरेक वर्ष सार्वजनिक नीतिसम्बन्धी अनुसन्धान गर्न प्रदान गर्ने फेलोसिप पाउनुभयो । यस फेलोसिपअन्तर्गत उहाँले Policy Agendas for State Support to Media: Rethinking Distribution of Governmental Public Welfare Advertisements in Nepal शीर्षकमा अनुसन्धान गर्दै हुनुहुन्छ । योगेश राज पनि यही आ.व. मा भारतको कलकत्ताको बर्द्रमान विश्वविद्यालयले आयोजना गरेको इतिहाससम्बन्धी सेमिनारमा कार्यपत्र प्रस्तुत गर्न तथा फोर्ड फाउन्डेसनले आयोजना गरेको दातृ संस्थाहरूसँगको प्रारम्भिक बैठकमा भाग लिन भारतको पुणे जानुभयो । त्यस्तै, योगेश राजले नेपाः स्कूल अफ सोसल साइन्सेस एन्ड ह्युमानिटिजले प्रदान गरेको एक वर्षे वरिष्ठ अनुसन्धान फेलोसिप प्राप्त गर्नुभयो । यो फेलोसिपको अवधि सन् २०१४ डिसेम्बर १ देखि २०१४ नोभेम्बर ३० सम्म रहेको छ । उहाँ उक्त फेलोसिपअन्तर्गत Violent Structuration of Society: Lynching and other extreme collective शीर्षकमा अनुसन्धान गर्दै हुनुहुन्छ प्राप्त गर्नुभयो ।

मार्टिन चौतारीले कलासम्बन्धी विषयमा सहकार्य गर्ने उद्देश्यले लसना लाइभ आर्ट हबलाई आफ्नो प्रांगणमा जग्गा उपलब्ध गराउने कामलाई यसवर्ष पनि निरन्तरता दिइयो । केही वर्षदेखि मार्टिन चौतारीले आफ्नो प्रकाशनको बजार प्रवर्द्वन हिमाल किताबमार्फत गर्दैआएकोमा यही आ.व. मा हिमाल सँगको करार समाप्त भएपछि त्यसको नवीकरण गरिएन । त्यो भन्दा उपयुक्त अन्य विकल्पहरू खोजी तथा परीक्षण गर्ने उद्देश्यले यसो गरिएको थियो । त्यसअनुरूप चौतारीले आफ्नो प्रकाशनहरूको स्टक क्लियरेन्स गर्ने उद्देश्यले विभिन्न पुस्तक पसलहरूसँग सम्पर्क गरी केही बढी (५० प्रतिशतसम्म) छुटमा पुस्तकहरू बजारमा पुर्‍याइरहेको छ । नयाँ आ.व. मा मार्टिन चौतारीले आफ्नो

प्रकाशनको वितरण कार्य वितरकमार्फत नै गर्ने योजना छ । यस क्रममा पुरानै वितरक हिमालसँग नै कुराकानी भइरहेको छ ।

यस आ.व.मा मार्टिन चौतारीले आफूले गर्दैआएको कार्यलाई निरन्तरता दिन विभिन्न व्यक्ति तथा संस्थाहरूसमक्ष आर्थिक सहयोगका लागि निवेदन दिएको थियो । जसअनुरूप यही आ.व. मा Ford Foundation नामक संस्थाबाट Connected Futures: Framing Interventions to Universal Connectivity in Nepal प्रोजेक्ट, Foundation Open society Institute नामक संस्थाबाट Promoting Public Debate on Higher Education Reforms in Nepal through Research and Public Interactions प्रोजेक्टमा काम गर्न अनुदान प्राप्त भयो भने भारतीय राजदुतावासलाई बुझाएको प्रस्तावमा स्वीकृत भएर दुइपक्षीय हस्ताक्षर हुन बाँकी छ । यही आ.व. मा समाज विज्ञानसम्बन्धी कार्य गर्न मार्टिन चौतारी र एसएनभि/सर्फ बीच करार गरियो । नेसनल इन्डाउमेन्ट फर डेमोक्रेसी, युएसआइपी, डिफिड, UNDEF र INET लाई दिएको निवेदन भने सफल हुन सकेन । त्यसै गरी फिनिस राजदुतावासलाई बुझाइएको निवेदन समयावधि सकिएपछि बुझाइएको भन्दै कुनै जवाफ आएन । अड हफ्टनको जीवनी छाप्न नर्वेजियन राजदुतावासलाई बुझाइएको निवेदन पनि सफल हुन सकेन । नेसनल इन्डाउमेन्ट फर डेमोक्रेसीमा संविधानसभासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न बुझाइएको पछिल्लो प्रस्तावको भने निर्णय हुन बाँकी छ । त्यस्तै, डानिडा फेलोसिप सेन्टरमा बुझाइएको विस्तृत प्रस्ताव छनोट भई त्यसमा केही सुझावहरू प्राप्त भएका छन् जसको जबाफ २०१४ जुलाईको अन्तसम्ममा पठाइसक्नुपर्नेछ । त्यसपछि मात्र उक्त प्रस्तावको अन्तिम निर्णय हुनेछ । मार्टिन चौतारी र प्रस्तावित डोर फाउण्डेसनले डोरबहादुर विष्टसम्बन्धी काम गर्ने भनेर बनाएको योजनाअनुसार प्रस्तावित डोर फाउण्डेसनबाट दोस्रो र तेस्रो किस्तास्वरूप बाँकी सत्तरी हजार प्राप्त भयो । त्यसै गरी नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयमा बुझाइएको निवेदनको जवाफमा आगामी आ.व. का लागि रु. १ लाख चौतारीलाई प्रदान गरिएको जानकारी प्राप्त भएको छ । शिक्षा मन्त्रालय, उपेन्द्र महतो, सुन्दरमणि दीक्षितसमक्ष सहयोगका लागि बुझाइएको निवेदनको कुनै जवाफ प्राप्त भएको छैन ।

गत आ.व.मा चौतारीको कामलाई निरन्तरता दिन विभिन्न व्यक्ति तथा संस्थाबाट कोष उपलब्ध गराउन सुरु गरिएको Fund Raising Campaign लाई यो वर्ष पनि निरन्तरता दिइयो । यसअन्तर्गत यो आ.व. मा रु. ३३३,५३२.१२ रुपैयाँ मात्र संकलन हुन सक्यो । गत आ.व.मा चौतारीको कोर अकाउन्टबाट रु. ६५ लाख लुम्बिनी बैंकमा मुद्दती निक्षेपको रूपमा जम्मा गरिएको थियो । सो कार्यलाई यो आ.व. मा पनि निरन्तरता दिइयो ।

कार्यालयका कर्मचारीहरूबीच सामुहिक भावना वृद्धि गर्न र कर्मचारीहरूलाई मनोरञ्जन प्रदान गर्न समावेश गरिएका अतिरिक्त क्रियाकलापहरू भने यस वर्ष पनि हुन सकेन ।

यस आर्थिक वर्षमा चौतारीको कार्यकारी समितिले तीन जना व्यक्तिहरू तीर्थ विष्ट, रामबहादुर के.सी र योगेश राम मिश्रलाई नयाँ सदस्यता प्रदान गऱ्यो । पुराना सदस्य अरुण पौडेलले चौतारी सदस्यता नवीकरण नगरेको र बारम्बार सम्पर्क गर्न खोज्दा सम्पर्क हुन नसकेकाले उहाँको सदस्यता खारेज गरियो ।

## ८. अनुगमन तथा मूल्यांकन

